पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ६१ प्रमाणित मिति: २०७७ माघ २४ गते

## भाग १

## सुशासन ऐन २०७५ (पहिलो संशोधन)

# सुशासन ऐन २०७५(पहिलो संशोधन)

| सि.नं. | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप प्रावधान | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा(२) | | (१३) "E– Bidding" भन्नाले बिद्युतीय बोलपत्र भन्ने सम्झनु पर्दछ । | समयानुकुल आवश्यक |
| २ | दफा(११) | ११.कर्मचारीको काम, कर्तव्य र जिम्मेबारी:महानगरपालिका कार्यालय र अन्तर्गतका कर्मचारीको काम कर्तव्य र जिम्मेबारी एवं स्पष्ट कार्य विवरण प्रचलित कानून र तो के बमोजिम हुने छ । | ११)कर्मचारीको काम, कर्तव्य र जिम्मेबारी :महानगरपालिका कार्यालय र अन्तर्गतका कर्मचारीको काम कर्तव्य र जिम्मेबारी एवं स्पष्ट कार्य विवरण प्रचलित कानुन र आवश्यकता अनुसार कार्यपालिकाले तोके बमोजिम हुनेछ । | भाषिक शुद्धता |
| ३ | दफा(१२) | (२) तर अधिकार प्रत्यायोजन गरेको कारणले मात्र निजले आफ्नो पदीय जिम्मेवारीबाट छुट पाएको मानिने छैन् । | स्पष्टिकरण : तर अधिकार प्रत्यायोजन गरेको कारणले मात्र निजले आफ्नो पदीय जिम्मेवारीबाट छुट पाएको मानिने छैन । | उपदफा २ खारेज |
| ४ | दफा(१२) | (३) उप-दफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार प्रत्यायोजन गर्ने पदाधिकारीले जुनसुकै वखत फिर्ता लिन सक्नेछ । | (२) उप-दफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार प्रत्यायोजन गर्ने पदाधिकारीले जुनसुकै वखत फिर्ता लिन सक्नेछ । | भाषिक शुद्धता |
| ५ | दफा(१४) | (२) अनुशासन र आज्ञापालना | (२) कर्मचारीको पदीय अनुशासन र आज्ञापालन देहायबमोजिम हुनेछ । | भाषिक शुद्धता |
| ६ | दफा(१४) | (५) महानगरको आलोचना गर्न नहुने: (क) महानगरको नीतिको विपरीत हुने गरि | ५) महानगरको आलोचना गर्न नहुने: महानगरको नीतिको विपरित | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | वा महानगर र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।<br>(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र महानगरको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन । | हुने गरी वा महानगर र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन । स्पष्टिकरण : दफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन र महानगरपालिकाको नीति बिपरित नहुने गरि लेख प्रकाशन वा प्रशारण गर्न बाधा पर्ने छैन । | |
| ७ | दफा(१४) | (८) कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने:<br>(क) कर्मचारीले पूर्व स्वीकृति नलिई देहायको काम गर्नु हुँदैन<br>(अ) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन<br>(आ) प्रचलित कानून बमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्न<br>(ख) उपदफा (क) मा जुनसुकै | (८) कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने: कर्मचारीले पूर्व स्वीकृति नलिई देहायको काम गर्नु हुँदैन ।<br>(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,<br>ख) प्रचलित कानून बमोजिम दर्ता गराउनुपर्ने कुरा लेखिएको भएतापनि | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीले महानगर पालिकाको नीति बिपरित नहुने गरि साहित्यिक,बै( ज्ञानिक वा कलात्मक कार्य गर्न सक्नेछ । | |
| ८ | दफा(१४) | (१२) अन्य आचरण | (१२) कर्मचारीको अन्य आचरण देहायबमोजिम हुनेछ । | |
| ९ | दफा(१४) | (१४) सेवाग्राहिप्रतिको व्यवहार | (१३) कर्मचारीको सेवाग्रहिप्रतिको ब्यबहार देहाय बमोजिम हुनेछ । | |
| १० | दफा(१४) | (१४) चेतावनि दिन सक्न | (१६) कर्मचारीले देहायबमोजिम गरेमा चेवानी दिन सकिनेछ । | |
| ११ | दफा(१७) | | (५) निर्णय गर्न पाउने अधिकारि वा कर्मचार ीले यस ऐन वा प्रचलित कानुन बमोजिम निर्णय गर्दा गरेको निर्णय कुन कुन कुरामा आधारित छ र सो निर्णय किन गर्नु परेको हो सो को स्पष्ट आदार र कारण खुलाई निर्णय गर्नु पर्नेछ“ | समयानुकुल आवश्यक |
| १२ | | | (६) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने कारीले निर्णय गर्नु पर्ने बिषयमा प्रत्यक्ष रुपमा आफ्नो हि( त,सरोकार वा स्वार्थ रहे को भएमा वा त्यस्तो निर्णयबाट स्वार्थ बाभिने भएमा त्यस्तो निर्णय | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नु हुदैन । तर निर्णय गने ( अधिकारीले बृहत सार्बजनिक हितको लागि गरेको निर्णयलाइ स्वार्थ बाझिएको मानिने छैन । | |
| १३ | | | दफा (२२) (२२) प्रबक्ता तोक्नु पने ( : महानगरपालिकाको काम कारवाहीको बिषयमा सरोकारवाला वा सार्बजनिक रुपमा जानकारी दिन महानगर पालिकाको कुनै पदा( धकारी वा कुनै अ( धकृतलाई कार्यपालिकाले प्रबक्ता तोक्नु पर्ने छ, प्रवक्ताको काम कर्तब्य कार्यपालिकाले तोके बमो जिम हुने छ । | समयानुकुल आवश्यक |
| १४ | दफा(२२) | २२. सजाय र कारवाही | २३) सजाय र कारवाही | |
| १५ | दफा(२३) | २२. नियम बनाउने अधिकार | २४) नियम बनाउने अधिकार | |
| १६ | दफा(२४) | २४. निर्देशिका वा दिग्दर्शन बनाउन सक्ने | २५) निर्देशिका वा दिग्द( र्शन बनाउन सक्ने | |
| १७ | दफा(२५) | २४. ऐन बमोजिम हुने | २६) ऐन बमोजिम हुने | |

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**